मितिः २०६६/ /

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
वित्त व्यवस्थापन विभाग
बालुवाटार, काठमाण्डौं ।

**विषयः संस्थापक शेयर खरीद गर्ने सम्बन्धमा ।**

महाशय,

म/हामी नेपाल सिएसआई डेभलपमेण्ट बैंक लिमिटेडको संस्थापक शेयरधनी भएकोले नेपाल राष्ट्र बैंकको स्वामित्वमा रहेको नेपाल सिएसआई डेभलपमेण्ट बैंक लिमिटेडको १,६०,००० कित्ता शेयर बिक्री गर्ने सम्बन्धमा मिति २०६६/७/१६ मा पुनः प्रकाशित सूचना अनुरुप देहाय बमोजिम शेयर खरीद गर्न यो शिलबन्दी प्रस्ताव पेश गरेका छु/छौं ।

| खरीद गर्न चाहेको शेयर संख्या | प्रति शेयर मूल्य (रु.) | जम्मा रकम (रु.) | अक्षरेपि |
|---|---|---|---|
| | | | |

उपरोक्त बमोजिम शेयर खरीद गर्न प्रस्तावित खरीद मूल्यको १० प्रतिशतले हुने रु......................(अक्षरेपी..................................................................................) सा.हि.नं. ९ मा जम्मा गरेको सक्कल भौचर यसैसाथ संलग्न छ ।

मेरो/हाम्रो स्वामित्वमा (एकाघर परिवारको नाममा समेत) नेपाल सिएसआई डेभलपमेण्ट बैंकको चुक्ता पूँजीको ................... प्रतिशत शेयर स्वामित्व कायम भएकोले प्रस्ताव गरे बमोजिम शेयर खरीद गर्दा मेरो/हाम्रो स्वामित्वमा (एकाघर परिवारको नाममा समेत) उक्त बैंकको ................. प्रतिशत शेयर स्वामित्व कायम हुने व्यहोरा जानकारी गराउंछु/छौं ।

मैले/हामीले यो निवेदनसाथ संलग्न शर्तहरु राम्ररी पढेको बुझेको छु /छौं । यो निवेदनसाथ पेश गरेका विवरण तथा कागजातहरु पूर्ण रुपमा साँचो रहेका छन् । झुठा ठहरे कानुन बमोजिम सहन बुझाउन मञ्जुरी छ ।

............................. ...........................
कम्पनी /संस्थाको छाप आधिकारिक दस्तखत

आवेदकको नाम : ............................................

ठेगाना : ..........................................................................
..........................................................................

फोन नं. ..............................

# नेपाल राष्ट्र बैंकको स्वमित्वमा रहेको
# नेपाल सिएसआई डेभलपमेण्ट बैंक लिमिटेडको
# संस्थापक शेयर बिक्री सम्बन्धी शर्तहरु

१. बैंकको काम कारवाहीमा अनियमितता गरेको देखिई भ्रष्टाचार वा ठगीको कसूरमा यस बैंकको कारबाहीमा नपरेका र बैंक तथा वित्तीय संस्थासंगको कारोबारमा कालो सूचिमा नपरेका नेपाल सिएसआई डेभलपमेण्ट बैंक लिमिटेडमा हाल कायम रहेको संस्थापक समूहका शेयरधनीहरुले मात्र शेयर खरीदको लागि दर्खास्त दिन सक्ने छन् ।

२. आफूले खरीद गर्न चाहेको शेयर संख्या र खरीद मूल्य खुलाई खरीद गर्न चाहेको जम्मा शेयरको मूल्यको १० (दश) प्रतिशतले हुन आउने रकम यस बैंकको बैकिंग कार्यालय थापाथलीमा रहेको सा.हि.नं. ९ मा वा उपत्यका बाहिरका यस बैंकका कुनैपनि कार्यालय मार्फत उक्त खातामा रकम जम्मा गरेको सक्कल भौचर समावेश गरी शिलबन्दी कोटेशन पेश गर्नु पर्ने छ ।

३. शिलबन्दी खामको बाहिर “नेपाल सिएसआई डेभलपमेण्ट बैंक लिमिटेडको संस्थापक शेयर खरीद सम्बन्धी शिलबन्दी कोटेशन” लेखी कोटेशनदाताको नाम ठेगाना उल्लेख गर्नु पर्नेछ ।

४. कोटेशन पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिने छ ।

५. कम्तिमा ५०० कित्ता वा सो भन्दा माथि ५०० ले भाग जाने संख्यामा शेयर खरीद गर्न निवेदन दिनु पर्नेछ ।

६. नेपाल सिएसआई डेभलपमेण्ट बैंक लिमिटेडको संस्थापक शेयर धनीले थप शेयर खरीद गर्दा निजको स्वामित्वमा ( एकाघर परिवारको नाममा समेत) उक्त बैंकको चुक्ता पूँजीको १५ प्रतिशत भन्दा बढी शेयर स्वामित्व हुनु हुँदैन ।

७. सिलबन्दी कोटेशनसाथ देहायका कागजात पेश गर्नु पर्नेछ :

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि / संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि

(ख) लगानी गर्ने रकमको श्रोत खुलेको प्रमाण

(ग) स्थायी कर दाता नम्बर (PAN) प्रमाण पत्र र आ.व. २०६५।६६ सम्मको कर चुक्ता प्रमाणपत्र वा आन्तरिक राजस्व कार्यालयमा कर विवरण दाखिला गरेको प्रमाणको प्रतिलिपि,

(घ) कर्जा सूचना केन्द्रको कालोसूचीमा नपरेको वा कालो सूचीमा परी फुकुवा भएको मितिले कम्तिमा ३ वर्ष पूरा भएको सम्बन्धमा कर्जा सूचना केन्द्रबाट प्राप्त प्रमाण,

(ङ) नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त कुनै संस्थाको काम कारवाहीमा बेइमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित नभएको स्वघोषणा पत्र,

८. कोटेशनदाताले प्रस्ताव गरेको मूल्य यस बैंकले स्वीकार गरेको खण्डमा बुझाउनु पर्ने बाँकी रकम जम्मा गर्न सूचित गरिनेछ । यस्तो रकम उक्त सूचना पाएको मितिले ३५ दिन भित्र तोकिएका खातामा नगदै जम्मा गर्नु पर्नेछ ।अन्यथा माथि शर्त नं. २ मा उल्लेख गरिएको रकम जफत हुनेछ ।

९. प्राप्त हुन आएका सिलबन्दी कोटेशन(हरु) कोटेशन पेश गर्ने अन्तिम मितिको भोलिपल्ट (उक्त दिन सर्वजनिक विदा परेमा सोको भोलिपल्ट) दिनको २:३० बजे यस बैंकको वित्त व्यवस्थापन विभागका कार्यकारी निर्देशकको कार्यकक्षमा कोटेशनदाता वा निजका प्रतिनिधिको रोहवरमा खोलिने छ ।

१०. रितपूर्वक प्राप्त नभएको दरखास्तलाई मान्यता दिइने छैन ।

११. कोटेशन दाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि कोटेशन खोल्न बाधा परेको मानिने छैन ।

१२. शेयर विक्रीसम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार यस बैंकमा निहित रहने छ । सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्ति वा संस्थालाई शेयर बिक्री गर्न नेपाल राष्ट्र बैंक बाध्य हुने छैन ।

........................... ...........................

कम्पनी /संस्थाको छाप आधिकारिक दस्तखत